गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः-२०७५/०७६
चलानी नं.: २३६९

मितिः-२०७६।०२।२७

विषय : बेरोजगारहरु छनौट गरि पठाउने सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,
गौरीगङ्गा नगरपालिका, चौमाला ।

उपरोक्त सम्बन्धमा श्रम रोजगार तथा सामाजिक मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा तहाँ कार्यालयमा प्राप्त भएका बेरोजगारहरु मध्ये ३० जना बेरोजगार छनौट गरि यथाशिघ्र यस नगरपालिकामा पठाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ । साथै बेरोजगार छनौट गर्दा चाहिने मापदण्डको छायाँप्रति पनि यसै पत्र साथ संलगन राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२/२६

बिर बहादुर नेपाली
नि.प्रमुख प्रशासकिय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

(क) श्रमिक माग भई आएका आयोजना मध्ये बेरोजगार व्यक्ति बसोबास गरेको स्थानबाट सबैभन्दा नजिक पर्ने तथा पहुँच सहज हुने सम्बन्धित वडाभित्र सञ्चालन भएको आयोजनामा,

(ख) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको आयोजनामा,

(ग) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको बेरोजगार व्यक्तिको रुची, अनुभव र क्षमता अनुकूलको आयोजनामा,

(घ) सूचीकृत बेरोजगार व्यक्ति सबैलाई सम्बन्धित स्थानीय तहभित्रै रोजगारी दिन नसकिने र सो स्थानीय तहभन्दा बाहिर आफ्नै जिल्लाभित्रको कुनै स्थानीय तहबाट श्रमिक माग भई आएको अवस्थामा सो स्थानीय तह रहेको जिल्लाभित्रको सबभन्दा नजिक पर्ने स्थानको आयोजनामा,

(ङ) कुनै पनि स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरूबाट मात्र काम गराउन श्रमिक पर्याप्त नभएर सो स्थानीय तहले श्रमिक उपलब्ध गराउन सक्ने स्थानीय तहलाई श्रमिक माग गरी पठाएमा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र न्यूनतम रोजगारी प्राप्त हुन नसकेको भनी गरेको सिफारिसका आधारमा देशभरको जुनसुकै स्थानको रोजगार आयोजनामा।

(३) उपदफा (१) बमोजिम बेरोजगार व्यक्तिलाई काममा खटाउँदा उपलब्ध रोजगारीका अवसरहरु सूचीकृत सबै बेरोजगार व्यक्तिका लागि पर्याप्त नभएको अवस्थामा देहाय बमोजिमको प्राथमिकताक्रममा क्रमशः खटाउनु पर्नेछ:

(क) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य,

(ख) बसोबासका लागि आफ्नै घर नभएको परिवारको सदस्य,

(ग) एकल महिला घरमूली भएको परिवारको सदस्य,

(घ) दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य,

(ङ) वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएका परिवारको सदस्य,

(च) कुनै पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको परिवारको सदस्य,

(छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,

(ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य,

(झ) महिला बेरोजगार व्यक्ति,

(ञ) अन्य बेरोजगार व्यक्ति ।

(४) रोजगार सेवा केन्द्रले उपदफा (३) बमोजिमका आधारहरु अनुरुप तयार गरेको बेरोजगार व्यक्तिको अद्यावधिक सूची गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्णय गरी सार्वजनिक गर्नु पर्नेछ ।

२२. **बेरोजगार व्यक्तिको सूचीबाट हटाइने** : (१) कुनै बेरोजगार व्यक्तिले रोजगार आयोजनाले निजलाई खटाइए बमोजिमको काम गर्न इन्कार गरेमा वा दफा ९ को उपदफा (४) बमोजिमको आचरण र अनुशासनको पालना नगरेमा सो व्यहोरा सम्बन्धित आयोजनाले सम्बन्धित रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ । सोही आधारमा सम्बन्धित रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

(२) कुनै बेरोजगार व्यक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत भएपछि काममा खटाइनु पूर्व वा खटाइसकेपछि निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

२३. **श्रमिक माग गर्न सक्ने** : स्थानीय तहभित्रका निजी, सहकारी तथा गैर सरकारी संस्थाहरुले अनुसूची ४ बमोजिमको फाराम भरी आफूलाई आवश्यक पर्ने योग्यता, क्षमता, अनुभव तथा सीप भएको श्रमिक रोजगार सेवा केन्द्रमा माग गरी पठाउन सक्नेछन् ।